# जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट
# आ.व. २०७५/७६ मा सम्पादन भएका कार्यहरुको विवरण




नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय

मकवानपुर

# विषय सूची


| | |
|---|---|
| १. विविध तथ्याङ्कहरु | १-३ |
| २. पूँजीगत तर्फ कूल खर्चको विवरण | ४ |
| ३. चालु तर्फ कूल खर्चको विवरण | ४ |
| ४. शान्ति सुरक्षा र अमनचयन | ५ |
| ५. सेवा प्रवाह | ५-७ |
| ६. कार्यालय व्यवस्थापन | ७ |
| ७. भौतिक पूर्वाधार निर्माण | ७-८ |
| ८. सडक व्यवस्थापन | ८ |
| ९. पेट्रोलियम पदार्थ ढुवानी | ८ |
| १०. लागूऔषध निषेध र व्यवस्थापन | ८-९ |
| ११. अवैध मदिरा नियन्त्रण अभियान | ९ |
| १२. बजार अनुगन | ९-१० |
| १३. यातायात भाडा छुट | १० |
| १४. Intelligence Traffic Light | १०-११ |
| १५. औद्योगिक क्षेत्र व्यवस्थापन | ११ |
| १६. जग्गा प्राप्ति | ११ |
| १७. विपद् व्यवस्थापन | ११ |
| १८. सूचनाको हक | ११-१२ |
| १९. अन्य | १२ |

# जिल्ला प्रशासन कार्यालय मकवानपुरबाट आ.व. २०७५/७६ मा सम्पादन भएका कार्यहरु

| **क. प्रशासन शाखा** | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **कार्यको विवरण** | **संख्या (आ.व. २०७५/०७६)** | **आ.व. २०७४/०७५** | **कैफियत** |
| १ | संस्था दर्ता | ७५ | ६० | |
| २ | संस्था नवीकरण | ३१९ | - | |
| ३ | नावालक परिचयपत्र | २३५ | १६० | |
| ४ | विवाह दर्ता | ३ | ३६ | |
| ५ | उजुरी तथा गुनासो | ३६८ | २५० | |
| ६ | पत्रपत्रिका दर्ता | - | ५ | |
| ७ | छापाखाना दर्ता | - | - | |
| ८ | विविध सिफारिस | १२०५ | ९४४ | |
| ९ | तिव्वती शरणार्थीको परिचयपत्र नविकरण | - | - | |
| १० | शरणार्थीको लागि यात्रा अनुमती पत्र सिफारिस | - | - | |
| ११ | हातहतियार दर्ता | - | - | |
| १२ | हातहतियार नविकरण | ३१ | २५ | |
| १३ | हातहतियार नामसारी | - | - | |
| १४ | भू.पु. सैनिक पेन्सन (सिफारिस) | २६ | ३० | |
| **ख. नागरिकता शाखा** | | | | |
| **क्र.सं.** | **कार्यको विवरण** | **संख्या (आ.व. २०७५/०७६)** | **आ.व. २०७४/०७५** | **कैफियत** |
| १ | बंशजको आधारमा नयाँ नागरिकता वितरण | १६,६१३ (पुरुष : ७०१९, महिला: ९५९४) | १६,७६७ (पुरुष : ७६८५, महिला: ९०८२) | |
| २ | प्रतिलिपि नागरिकता वितरण | ७६८६ | ८,१७३ | |
| ३ | बैवाहिक अंगिकृत नागरिकता वितरण | १६ | १४ | |
| ४ | प्र.जि.अ.ले दिने अंगिकृत नागरिकता वितरण | - | ३ | |
| ५ | जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई प्रदान गरिएको बंशजको नागरिकता | ३० | - | |
| ६ | पुरानो नागरिकता अभिलेखिकरण | ३५८१ | १०,१३८ | |
| **ग. राहदानी शाखा** | | | | |
| **क्र.सं.** | **कार्यको विवरण** | **संख्या (आ.व. २०७५/०७६)** | **आ.व. २०७४/०७५** | **कैफियत** |
| १ | साधारण सिफारिस | ५९७२ | ५६८७ | |
| २ | द्रुत सिफारिस | ५०९८ | ४५६३ | |
| ३ | राहदानी वितरण | ५००५ | ४९९७ | |
| ४ | वितरण हुन बाँकी राहदानी | ९६७ | ६९० | |

| घ. लेखा शाखा (राजश्व तर्फ) | | | | |
|---|---|---|---|---|
| क्र.सं. | कार्यको विवरण | संख्या/रकम (आ.व. २०७५/०७६) | आ.व. २०७४/०७५ | कैफियत |
| १ | संस्था दर्ता (नवीकरण सहित) | ८,४८,४२७/- | ४,३१,५०५/- | |
| २ | हातहतियार (नविकरण, नामसारी) | ३०,१६७।५० | ४२,६५०/- | |
| ३ | राहदानी दस्तुर | २,९६,४५,०००/- | २,९६,९०,०००/- | |
| ४ | अन्य प्रशासनिक दस्तुर | - | १,०३२/- | |
| ५ | प्रशासनिक दण्ड जरिवाना | ११,७२,६९७/- | २८,०३,५८७/- | |
| ६ | न्यायिक दण्ड, जरिवाना र जफल | - | - | |
| ७ | परीक्षा दस्तुर | - | ३,१००/- | |
| ८ | बेरुजु असुली | - | ३,४४६/- | |
| ९ | धरौटी | १,०६,६५,४८०।०७ | ६०,२४,९८९।०७ | |
| १० | दैवी प्रकोप (आगजनी, चट्याङ, वर्षा) | २३,७९,१६२/- | १,७०,१३,८६४/- | |
| ११ | दैवी प्रकोप (भूकप्प पीडित) (न्यानो कपडा) | - | - | |
| १२ | द्वन्द्व पीडित (अपाङ्गता भएकालाई जीवन निर्वाह भत्ता) | ८,२८,०००/- | ८,२८,०००/- | |
| १३ | द्वन्द्वकालमा मृत्यु भएका र बेपत्ता भएका | - | ६३,९०,०००/- | |
| १४ | सडक दुर्घटनाको क्षतिपूर्ती वितरण | १,२४,५०,०००/- | १,४०,००,०००/- | |
| १५ | वैदेशिक रोजगारीमा मृतक क्षतिपूर्ती वितरण | १,१३,३९,८७९।२३ | १२,६९,२९५।९० | |
| **कार्यालय तर्फ** | | | | |
| १ | पूँजीगत तर्फ कूल खर्च | १,९२,६८,७८०/- | ७१,३५,६४८/- | |
| २ | चालु तर्फ कूल खर्च | १,८८,८१,१२२।४० | १,७९,२३,७१२।४८ | |

| ङ. मुद्दा शाखा | | | | |
|---|---|---|---|---|
| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७५/०७६) | आ.व. २०७४/०७५ | कैफियत |
| १ | हातहतियार | २ | १४ | |
| २ | केही सार्वजनिक अपराध | ३३९ | ३७५ | |
| ३ | कालो बजारी | - | ५ | |
| ४ | खाद्य | ४ | ३३ | |
| ५ | क्षतिपूर्ती | २ | ४ | |
| **यस आ.व. को जम्मा दर्ता** | | ३४७ | ४३१ | |
| **गत आ.व. को जिम्मेवारी सरी आएको संख्या** | | ५५ | ४७ | |
| **यस आ.व. मा फछर्यौट भएको संख्या** | | ३२५ | ४२३ | |
| **फैसला हुन बाँकी मुद्दाको संख्या** | | ७७ | ५५ | |

| च. खाद्य तथा गुणस्तर सम्बन्धी अनुगमन तथा नियमन | | | | |
|---|---|---|---|---|
| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७५/०७६) | आ.व. २०७४/०७५ | कैफियत |
| १ | खाद्य नमूना संकलन | २४ | १२ | |
| २ | खाद्य सम्बन्धी मुद्दा दायर | ४ | ३३ | |

**छ. बजार अनुगमन तथा नियन्त्रण सम्बन्धी कार्य**

| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७५/०७६) | आ.व. २०७४/०७५ | कैफियत |
|---|---|---|---|---|
| १ | खाद्यान्न, होटल र अन्य विविध | २९ पटक | २० पटक | विभिन्न होटल, रेष्टुरेन्ट, किराना पसल, वीउबीजन तथा किटनाषक औषधी पसल, फलफूल तथा तरकारी पसल, विभिन्न मेडिकल ल्याबहरु, प्याथोलोजीहरु, मिठाई पसल, दैनिक उपभोग्य वस्तु विक्री गर्ने पसल, माछामासु पसल, पशु बधशाला, हार्डवेयर पसल, मदिरा पसल, पेय पदार्थ डिलर, पानी उद्योग, कोचिङ सेन्टर र ट्यूसन सेन्टरहरु आदि । |

**ज. कार्यालय अनुगमन**

| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७५/०७६) | आ.व. २०७४/०७५ | कैफियत |
|---|---|---|---|---|
| १ | हाजिरी रजिष्टर, पोशाकको छड्के जाँच | - | - | |

## पूँजीगत तर्फ कूल खर्चको विवरण

| खर्च/वित्तिय संकेत नं. | खर्च/वित्तिय शिर्षक | अन्तिम बजेट | खर्च रकम |
|---|---|---|---|
| २९२२१ | भवन निर्माण | १,५९,००,०००/- | १,५९,००,०००/- |
| २९२३१ | पूँजीगत सुधार खर्च-भवन | ७,००,०००/- | ६,९८,७९७/- |
| २९२३१ | फर्निचर तथा फिक्चर्स | ६,७०,०००/- | ६,६९,७३४/- |
| २९५११ | मेशिनरी औजार | १०,००,०००/- | ९,९७,०९९/- |
| २९६११ | सार्वजनिक निर्माण<br>(चौतारा निर्माण तथा मर्मत) | १,४४,०००/- | १,४४,०००/- |
| २९६२१ | पूँजीगत सुधार खर्च<br>(स्तनपान कक्ष, महिला-पुरुष अलग-अलग तथा अपाङ्गमैत्री शौचालय निर्माण) | ९,००,०००/- | ८,५९,१५०/- |
| | **जम्मा** | **१,९३,१४,०००/-** | **१,९२,६८,७८०/-** |

## चालु तर्फ कूल खर्चको विवरण

| खर्च/वित्तिय संकेत नं. | खर्च/वित्तिय शिर्षक | अन्तिम बजेट | खर्च रकम |
|---|---|---|---|
| २११११ | तलब | १,२८,२९,०००/- | १,११,२९,३१०।९० |
| २१११३ | महंगी | ६,४१,९३३/- | ६,३९,९३३/- |
| २१११९ | अन्य भत्ता | ५०,०००/- | १३,२५०/- |
| २११२१ | पोशाक | ३,००,०००/- | ३,००,०००/- |
| २२१११ | पानी तथा बीजुली | ५,००,०००/- | ३,३७,३४०/- |
| २२११२ | सञ्चार | २,४०,०००/- | २,०९,६८३/- |
| २२१२१ | घरभाडा | ४८,०००/- | ० |
| २२२११ | इन्धन | ६,०८,०००/- | ६,०७,९७७/- |
| २२२१२ | सञ्चालन तथा मर्मत | ७,११,०००/- | ७,०८,६५६/- |
| २२२१३ | बीमा | ५०,०००/- | ४०,३७४।२० |
| २२३११ | कार्यालय सम्बन्धी खर्च | ५,७६,०००/- | ५,७५,९९४/- |
| २२३२१ | नि.सा. सम्पत्ति मर्मत सम्भार | १,३०,०००/- | १,१८,३९९/- |
| २२४१२ | अन्य सेवा शूल्क | १८,६८,०००/- | १६,६२,८८९।३० |
| २२५११ | कर्मचारी तालिम | ५०,०००/- | ४९,०००/- |
| २२५१२ | गोष्ठी खर्च | ८,३७,०००/- | ८,३६,३१३/- |
| २२५२२ | कार्यक्रम खर्च | ९०,०००/- | १९,६७३/- |
| २२५२९ | विविध कार्यक्रम खर्च | ४,२६,०००/- | ४,२५,७८०/- |
| २२६११ | अनुगमन मूल्याङ्कन खर्च | ६,४२,०००/- | ६४०,५५०/- |
| २२६१२ | भ्रमण खर्च | २,००,०००/- | २,००,०००/- |
| २२७११ | विविध खर्च | ३,४१,०००/- | ३,४१,०००/- |
| २२७१२ | अन्य सामाजिक सहायता | २५,०००/- | २५,०००/- |
| | **जम्मा** | **२,११,६२,९३३/-** | **१,८८,८१,१२२।४०** |

# अन्य महत्वपूर्ण कार्यहरु

## शान्ति सुरक्षा र अमनचयन

- जिल्लामा शान्ति सुरक्षाको विश्वसनीय र भरपर्दो सुरक्षा व्यवस्था मिलाई नागरिकको शान्ति सुरक्षा र अमनचयनको व्यवस्था पूर्णरुपमा मिलाइएको ।
- जिल्लाको Crime Map सहितको एकीकृत रणनीतिक सुरक्षा योजना तयार गरिएको ।
- जिल्ला सुरक्षा समितिको बैठकलाई गतिशील, नतिजामुखी र प्रभावकारी बनाइएको ।
- जिल्ला सुरक्षा समितिको बैठक ३३ पटक स्पष्ट एजेन्डा सहित सञ्चालन गरिएको ।
- राजमार्गलाई निर्वाध रुपमा सञ्चालन हुने व्यवस्था मिलाइएको ।
- जिल्ला प्रहरी कार्यालय र ईलाका प्रहरी कार्यालयहरुको नियमित रुपमा निरीक्षण गरिएको ।
- प्रहरी कर्मचारीले आफ्नो कर्तव्य पालना गर्दा कानून बमोजिम कार्य गरे नगरेको सम्बन्धमा अनुगमन गरिएको ।
- गुण्डागर्दी, संगठित अपराध, जबरजस्ती असुली, महिला हिंसा लगायतका अपराधलाई नियन्त्रण गरिएको ।
- सरकारी जग्गा वा सार्वजनिक सम्पत्तिको संरक्षण हेतु जिल्लाभित्र रहेका सार्वजनिक जग्गाहरुको स्थानीय तहसँग समन्वय गरी विवरण संकलन र अध्यावधिक गर्ने कार्य प्रारम्भ गरिएको ।
- अवैध हातहतियारको प्रयोग तथा ओसारपसार नियन्त्रण गरिएको ।

## सेवा प्रवाह

- बंशजको आधारमा नयाँ नागरिकता १६,६१३ (पुरुष : ७०१९ , महिला : ९५९४ ), वैवाहिक अंगिकृत नागरिकता १६ , जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई बंशजको नागरिकता ३० र प्रितिलिपि नागरिकता ७६८६ वटा वितरण गरिएको ।
- सेवा प्रवाहलाई जनताको घरदैलोसम्म पुर्याउने उद्देश्यले यस कार्यालयबाट जिल्लाका विभिन्न स्थानमा विभिन्न मितिमा नागरिकता वितरण घुम्ती शिविर सञ्चालन गरिएको ।

| क्र.सं. | मिति | घुम्ती शिविर सञ्चालन गरिएको स्थान | वितरित नागिरकता प्रमाणपत्रको संख्या |
|---|---|---|---|
| १. | २०७५-०५-०१ र २ गते | हेटौडा उ.म.न.पा. वडा नं. १२ र १३, पदमपोखरी | ९४ (महिला: ३०, पुरुष: ६४) |
| २. | २०७५-०६-०५ गते | मनहरी गाउँपालिका वडा नं. ४, हाँडीखोला | ७७ (महिला: ४४, पुरुष: ३३) |
| ३. | २०७५-०६-१९ गते | हेटौडा उ.म.न.पा. वडा नं. १ | ३५ (महिला: २४, पुरुष: ११) |
| ४. | २०७५-०७-१७ देखि ऐ. १९ गतेसम्म | बागमती गाउँपालिका | १८३३ |
| ५. | २०७५-०८-२७ र २८ गते | भिमफेदी गाउँपालिका वडा नं. ८, महादेवटार | ८८ (महिला: ४९, पुरुष: ३९) |

| | | | |
|---|---|---|---|
| ६. | २०७५-०९-१२ र १३ गते | बकैया गाउँपालिका वडा नं. १, धियाल | २६८ (महिला: १९८, पुरुष: ७०) |
| ७. | २०७५-०९-१९ देखि २२ गतेसम्म | बकैया गाउँपालिकाको जुइना र हात्तीसुडे | ११०५ (महिला: ७५०, पुरुष: ३५५) |
| ८. | २०७५-११-२५ | मनहरी गाउँपालिका वडा नं. ६ | ९३ |
| ९. | २०७५-१२-१६ र १७ तथा मिति २०७५-१२-२६ र २७ गते | राक्सीराङ गाउँपालिका वडा नं. १, २, ३ र ४ | ६८४ (महिला: ४२९, पुरुष: २५५) |
| १०. | २०७६-०३-१६ गते | मनहरी गाउँपालिका वडा नं. २, हाँडीखोला | ९६ (महिला: ६८, पुरुष: २८) |

- ५००५ वटा राहदानी कार्यालयबाट वितरण गरिएको र ५०९८ वटा द्रुत सिफारिस गरी राहदानी विभागमा पठाइएको ।
- संस्था दर्ता ७५ तथा संस्था नवीकरण ३१९ वटा गरिएको ।
- २३५ वटा नालबालक परिचयपत्र जारी गरिएको ।
- जिल्ला प्रशासन कार्यालयमा सुनुवाई हुने मुद्दाहरुमा मुद्दाको प्रकृति हेरी निरन्तर सुनुवाईको व्यवस्था गरी छिटो छरितो ढंगले फैसला गर्ने व्यवस्था मिलाइएको । गत आ.व.को फछ्र्यौट हुन बाँकी ५५ र चालु आ.व. मा दर्ता भएका ३४७ वटा मुद्दा मध्ये ३२५ वटा (८०.८५ प्रतिशत) मुद्दा फछ्र्यौट गरिएको ।
- कार्यालय परिसरभित्र रहेको सुरक्षित वैदेशिक रोजगार परामर्श केन्द्रबाट ४५४१ (महिला: २९९२, पुरुष: १५४९) जनालाई वैदेशिक रोजगार सम्बन्धी परामर्श प्रदान गरिएको ।
- कार्यालय परिसरमा स्थापना गरिएको नागरिक सहायता कक्ष मार्फत प्रभावकारी ढंगले सेवा उपलब्ध गराइएको ।

नागरिक सहायता कक्षबाट उपलब्ध गराइएको सेवाको विवरण

| क्र.सं. | सेवाको विवरण | संख्या |
|---|---|---|
| १. | हुलाक टिकट विक्री | ३८५६० |
| २. | फोटकपी | ७५५० |
| ३. | एम.आर.पी. फारम | १४६५ |
| ४. | रेकर्ड फाइल | १२५० |
| ५. | क्लीयर ब्याग | ५०० |
| ६. | निवेदन | २९२० |
| ७. | जनजाति तथा नाबालक प्रमाणित निवेदन | २०० |
| ८. | विवाह दर्ता फारम | ९ |
| ९. | नागरिकता कभर | ३८५० |
| १०. | थप निवेदन लेख्न सहयोग (गरिब, असहाय, अपाङ्गता भएको, भूकम्प प्रभावित) | ५ |

- सेवाग्राहीलाई सेवा लिन सजिलो होस् भन्नका लागि सेवा लिंदा लाग्ने शूल्क, गुनासो सुन्ने तथा सूचना अधिकारी र सेवा लिन सम्पर्क गर्ने कोठा जस्ता जानकारी भएका विवरणहरु कार्यालय परिसरको विभिन्न स्थानमा राखिएको ।
- कार्यालयको काम कारवाहीलाई पारदर्शी बनाउन कार्यालयको फेसबुक , वेबसाइट, इमेल जस्ता विद्युतीय माध्यमहरुलाई नियमित अद्यावधिक गरी कार्यालयका गतिविधीहरु प्रवाह गर्ने गरिएको । विद्युतीय माध्यमबाट नै गुनासो सुन्ने व्यवस्था मिलाइएको ।
- कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुलाई लक्षित गरी यस कार्यालयसँग सम्बन्धित विविध जानकारी र सूचनाहरुकासाथै इन्टरनेट मार्फत उपलब्ध अन्य जानकारीमूलक विषयवस्तुहरुमा सहज पहुँच होस् भन्ने उद्देश्यकासाथ मिति २०७५ जेठ ८ गतेदेखि यस कार्यालय परिसरमा Free Wi-Fi को व्यवस्था मिलाइएकोमा सोलाई निरन्तरता दिंदै अझ प्रभावबारी बनाइएको ।
- कार्यालयबाट प्रवाह हुने सेवा सुविधा सम्बन्धी जानकारी स्थानीय जनमानससम्म पुर्याउन र सुशासनलाई प्रवर्द्धन गर्न जिल्ला प्रशासन कार्यालय , मकवानपुरको मोबाइल एप निर्माण कार्यलाई आगाडि बढाउन पहल गरिएको ।
- संघ संस्था दर्ता गरी मठ मन्दिर, सामुदायिक भवन खेल मैदान जस्ता कार्यको नामबाट जग्गा अतिक्रमण गरी अनधिकृतरुपमा संरचनाहरु बनाउने प्रवृत्ति देखिएकोले जग्गा आवश्यक पर्ने क्रियाकलाप सञ्चालन गर्न दर्ता हुने संघ संस्था दर्ता गर्दा जग्गाको भोगाधिकार यकिन गरेर मात्रै संस्था दर्ता गर्ने व्यवस्था मिलाइएको ।
- कार्यालयबाट दर्ता हुने सबै संघ संस्थामा **"वन तथा सार्वजनिक जग्गा अनधिकृत प्रयोग नगर्ने गरी"** भन्ने शर्त प्रमाणपत्र मै उल्लेख गर्ने गरिएको ।

**कार्यालय व्यवस्थापन**

- नियमित स्टाफ बैठक र गुनासोको सामूहिक समाधान गरिएको ।
- १ घण्टे मुस्कान सहितको सेवाको व्यवस्था मिलाइएको ।
- अख्तियारी सार्वजनिकीकरण गरिएको ।
- टोकन प्रणालीको सुरुवात गर्ने कार्य अन्तिम चरणमा रहेको ।
- कार्यालयको अभिलेख व्यवस्थापनलाई प्रभावकारी तुल्याइएको ।
- कार्यालयका विभिन्न फाँटमा रहेका पुराना फर्निचरहरु फेरी नयाँ प्रतिस्थापन गरिएको । सेवाग्राहीहरु विशेष गरी अपाङ्गता भएका, जेष्ठ नागरिक तथा अशक्त महिलाहरुका लागि सेवा लिंदासम्म बस्ने व्यवस्थाको विशेष प्रबन्ध गरिएको ।
- कार्यालय परिसरमा सेवाग्राहीहरुका लागि स्वच्छ र सफा खानेपानीको व्यवस्था मिलाइएको ।

**भौतीक पूर्वाधार निर्माण**

- कार्यालयको नयाँ भवन निर्माण कार्य अगाडि बढाइएको (DPC पास देखि सबै ५४ वटा पिलर उठाइएको) तथा भवनको स्थायी नक्शा पास गरिएको ।
- कार्यालय व्यवस्थापनका लागि ६ कोठा भएको सेडघर निर्माण गरिएको ।
- कार्यालय परिसरभित्र नयाँ चौताराको निर्माण गरिएको र पुराना दुईवटा चौताराको मर्मत गरिएको ।

- कार्यालयमा आउने सेवाग्राहीहरुका लागि स्वच्छ र सफा महिला पुरुष अलग-अलग तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था मिलाइएको ।
- कार्यालय परिसरभित्र स्तनपान कक्ष निर्माण गरी सञ्चालनमा ल्याइएको ।
- कार्यालय परिसरभित्र रहेको प्रहरी व्यारेक मर्मत गरिएको ।
- जिल्लामा हुने विभिन्न विकास निर्माणका कार्यहरुमा समन्वय तथा सहजीकरण गरिएको ।

**सडक व्यवस्थापन**

- मालपोत कार्यालय, मकवानपुर र अड्डामार्ग सडकको सवारी पार्किङ व्यवस्थित गर्न कार्यालय समयमा निजी सवारी साधनहरु प्रवेशमा रोक लगाईएको,
- कुलेखानी-सिस्नेरी-काठमाडौं तथा कुलेखानी-फाखेल-काठमाडौं रुटमा सञ्चालन हुने सुमोहरुमा मिति २०७५ असोज १ देखि जोर-बिजोर प्रणाली लागू गरिएको,
- सडक बोर्ड नेपालले सवारी कर-दस्तुर उठाउन हेटौंडा-३ , बसामाडीमा स्थापना गरेको ढाटको कारणले उक्त स्थानको बाटो बिग्रिन गई स्थानीय वस्तीमा अत्यधिक धुलो धुवाँ उडेको , होहल्ला बढेको , नजिकको विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई असर पुर्याएको भनी स्थानीयबाट गुनासो प्राप्त भएको सन्दर्भमा उक्त ढाटलाई हेटौंडा-३ स्थित तीन ताप्के भन्ने स्थानमा अस्थायीरुपमा स्थानान्तरण गर्न र सोही स्थानमा स्थायीरुपमा ढाट स्थापना गर्नका लागि सडक बोर्ड नेपाललाई सिफारिस गरिएको,
- सार्वजनिक सडक ऐन, २०३१ को दफा १९ बमोजिम स्वीकृति नलिएका सडक छेउ तथा फुटपाथ राखेका निर्माण सामग्री र खुद्रा पसल राख्ने कार्य तत्काल बन्द गराइएको,

**पेट्रोलियम पदार्थ ढुवानी**

- मकवानपुर जिल्लामा पेट्रोलियम पदार्थको विक्री वितरणलाई सहज तुल्याउन पेट्रोलियम पदार्थको ढुवानी कार्यमा प्रयोग हुने ट्याङ्करहरुको भरपर्दो सुरक्षा व्यवस्था मिलाउन नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले स्कटीङ गर्ने व्यवस्था मिलाइएको,
- पेट्रोलियम पदार्थको विक्री वितरण गर्ने कार्यमा संलग्न रहेका हेटौंडास्थित सबै पेट्रोल/डिजेल पम्पहरुलाई अनिवार्यरुपमा पम्पहरु खुला राख्ने व्यवस्था मिलाइएको,
- हेटौंडास्थित सबै पेट्रोल/डिजेल पम्पहरुबाट उपलब्ध परिमाणको पेट्रोल/डिजेल विक्री वितरण गरे नगरेको सम्बन्धमा अनुगमन गरिएको,

**लागूऔषध निषेध र व्यवस्थापन**

- लागूऔषध नियन्त्रण कार्ययोजना , २०७५ बमोजिम जिल्लास्तरीय कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको ।
- विभिन्न निकायको समन्वय तथा सहकार्यमा स्थानीय तहहरुमा लागूऔषध विरुद्धको सचेतना तथा जागरण अभियान सञ्चालन गरिएको ।
- विभिन्न सरोकारवाला निकायहरुको समन्वयमा जिल्लाको माध्यमिक विद्यालयका (१-१२ कक्षाका ) विद्यार्थीहरुलाई लागू औषध विरुद्धमा सचेतना अभिवृद्धि गराइएको ।

- गाँजा, अफिम लगायतका लागू पदार्थजन्य खेती नष्ट गरिएको । (३४२ विगाहा २ कठ्ठा १० धुर क्षेत्रफलको गाँजा तथा ३३ विगाहा ७ कठ्ठा क्षेत्रफलको अफिम खेती नष्ट गरिएको)
- लागू औषध प्रयोगकर्ताहरुका लागि सञ्चालनमा रहेका उपचार तथा पुनर्स्थापना केन्द्रबाट उपलब्ध हुने सेवालाई प्रभावकारी बनाइएको ।
- लागूऔषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय दिवस , २०१९ विविध क्रियाकलापहरु आयोजना गरी मनाइएको ।

**अवैध मदिरा नियन्त्रण अभियान**

- अवैध मदिरा उत्पादन तथा विक्री वितरणलाई पूर्णरुपमा नियन्त्रण गर्न सरोकारवाला निकायहरुको संलग्नतामा प्रभावकारी अनुगमन गरिएको र अवैध मदिरा उत्पादन तथा विक्री वितरणमा संलग्नलाई कानूनबमोजिम कारवाहीको दायरामा ल्याइएको ।
- ईजाजत पत्र लिई वैध मदिरा विक्री वितरण गर्ने पसल , डिपार्टमेन्टल स्टोर, होटल, रेष्टुरेन्टहरुले कानूनमा तोकिएको परिधीभित्र रही विक्री वितरण गरे नगरेको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय , मकवानपुरको नेतृत्वमा जिल्ला प्रहरी कार्यालय , मकवानपुर, आन्तरिक राजश्वक कार्यालय , मकवानपुर र उपभोक्ता हित संरक्षण मञ्चको सहभागितामा अनुगमन गरिएको र कानून विपरित गरेकालाई तत्काल कारवाहीको दायरामा ल्याइएको ।

**बजार अनुगमन**

- नियमितरुपमा गरिदै आएको बजार अनुगमनलाई सरोकारवाला निकायहरुको सहभागितामा थप प्रभावकारी बनाउँदै नतिजामुखी तुल्याइएको ।
- उपभोक्ता जागरण/सचेतना कार्यक्रम तथा बजार अनुगमन सम्बन्धमा सरोकारवाला सबै पक्षहरुसँग छलफल/अन्तरक्रिया कार्यक्रम सम्पन्न । बैठकमा बजार अनुगमनलाई प्रभावकारी बनाउन "संयुक्त बजार अनुगमन कार्ययोजना" समेत तयार गरिएको ।
- बजार अनुगमनका क्रममा व्यवसाय सञ्चालकलाई अनुगमन टोलीद्वारा सुधारका निम्ति दिइएका निर्देशन तथा सुझावहरु पालना भए/नभएको सम्बन्धमा समेत अनुगमन गरिएको ।
- व्यवसायीहरुले व्यवसाय सञ्चालनका क्रममा पुर्याउनुपर्ने रीतहरुका साथै कानून विपरित व्यवसाय सञ्चालन गर्दा हुने कारवाही सम्बन्धी जानकारीका साथै अन्य सचेतनामूलक विषयवस्तुहरु स्थानीय सञ्चारमाध्यम मार्फत व्यवसायीमाझ सूचित गराउन हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हेटौडालाई अनुरोध गरिएको ।
- नेपालीहरुको विभिन्न चाडपर्वलाई लक्षित गरी आम उपभोक्तालाई दैनिक उपभोग्य वस्तु सहज र एकै स्थानबाट उपलब्ध गराउन एकीकृत सुपथ मूल्य पसल सञ्चालनको लागि मकवानपुर उद्योग वाणिज्य संघलाई आवश्यक व्यवस्था मिलाउन लगाइएको ।
- जिल्लामा सञ्चालित औषधी पसल, ल्याब, पोलिक्लिनिक र निजी अस्पतालहरुको नियमित अनुगमन गरिएको ।
- दूध उत्पादन तथा विक्री वितरणमा गुणस्तर, मूल्य लगायतका पक्षहरुमा अध्ययन गर्न खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको प्रमुखकको संयोजकत्वमा समिति गठन गरी कार्य गरिएको र कार्यदलको प्रतिवेदन

अनुसार डेरी उद्योगहरु , चिस्यान केन्द्रहरु तथा डेरी पसलहरुको दूध तथा दुग्ध पदार्थको स्वच्छता एवं गुणस्तर निर्देशिका, २०७५ ले निर्दिष्ट गरे बमोजिम दूध तथा दुग्ध पदार्थको विक्री वितरण गर्ने व्यवस्था मिलाइएको ।

**यातायात भाडा छुट**

- हेटौडामा सञ्चालित सार्वजिनक यातायात सेवामा कानूनले तोकेको मापदण्ड अनुसार विद्यार्थीहरुलाई ४५ प्रतिशत छुटको व्यवस्था मिलाइएको ।
- बेलुकाको समयमा आवत जावत गर्न सहजताका लागि बेलुकी ७ बजेसम्म सवारी साधनको सञ्चालनको व्यवस्था मिलाइएको ।
- यातायात व्यवसायीद्वारा विद्यार्थीलाई उपलब्ध गराइने छुटका सम्बन्धमा सबै सवारी साधनमा सबैले देख्ने गरी स्टीकर टाँस गर्न लगाइएको ।

**Intelligence Traffic Light**

- हेटौडा बजार क्षेत्रमा बढ्दै गएको ट्राफिक जामलाई मध्यनजर गर्दै ट्राफिक व्यवस्थापनलाई थप प्रभावकारी बनाउन हेटौडा बजार क्षेत्रमा Intelligence Traffic Light जडान गर्ने सम्बन्धमा सम्भावित स्थानहरु पहिचान गरी उक्त स्थानहरुमा Intelligence Traffic Light जडान गर्न प्रमुख जिल्ला अधिकारीज्यूको अध्यक्षतामा देहायका सदस्यहरु रहने गरी एक समिति गठन गरिएको ।

| | |
|---|---|
| प्रमुख जिल्ला अधिकारी, मकवानपुर | अध्यक्ष |
| जिल्ला प्रहरी कार्यालय, मकवानुरका अधिकृत प्रतिनिधि | सदस्य |
| जिल्ला ट्राफिक प्रहरी कार्यालय, मकवानपुरका प्रमुख | सदस्य |
| हेटौडा उकार्यालयका प्रतिनितिध .पा.न.म. | सदस्य |
| डिभिजन सडक कार्यालय, मकवानपुरका प्रतिनिधि | सदस्य |
| यातायात व्यवस्था सेवा कार्यालय, मकवानपुरका प्रतिनिधि | सदस्य |
| मकवानपुर उद्योग वाणिज्य संघका प्रतिनिधि | सदस्य |

- Intelligence Traffic Light जडान गर्ने सम्बन्धमा हेटौडा बजार क्षेत्रभित्रका निम्न स्थानहरु पहिचान गरिएको ।
    - बुद्ध चोक
    - सीमा चोक
    - मानस चोक
    - ओम भवन अगाडि
    - शितल निवास चोक
    - टि.सि.एन. रोड
    - पीपल बोट चोक
    - लोकप्रिय चोक

- जिल्ला प्रहरी कार्यालय, मकवानपुर नजिकको चौबाटो

**औद्योगिक क्षेत्र व्यवस्थापन**

- मजदूर समर्थक ट्रेड युनियनका पदाधिकारीहरुलाई औद्योगिक व्यवस्थापन र श्रमिक पक्षबीच विवाद समाधानार्थ सार्थक पहल गर्न र कानून विपरित गर्ने गराउने श्रमिकहरुलाई कानूनको दायरामा ल्याउन लगाइएको ।
- सौहार्द औद्योगिक वातावरण कायम गर्ने सन्दर्भमा युनियनका पदाधिकारीहरुलाई सामूहिक प्रतिबद्धता व्यक्त गर्न लगाइएको ।
- औद्योगिक क्षेत्र व्यवस्थापन र सडक खण्डको केन्द्र विन्दु निश्चित गर्न जिल्ला नापी कार्यालयबाट पुन : नापजाँचको व्यवस्था मिलाइएको ।
- हेटौंडा औद्योगिक क्षेत्रभित्र रहेका उद्योगहरुलाई थप व्यवस्थित गर्दै नयाँ उद्योगहरुको स्थापनाका लागि अनुकूल वातावरण सिर्जना गरिएको र कृषिजन्य उद्योगहरुलाई प्राथमिकता दिई स्थापनाका लागि प्रोत्साहन गर्ने व्यवस्था गरिएको ।
- औद्योगिक वातावरणलाई सुरक्षित तुल्याई लगानीलाई प्रोत्साहन/भित्र्याउन हेटौंडा औद्योगिक क्षेत्रभित्र रहेका उद्योगहरुको प्रभावकारी सुरक्षाको व्यवस्था मिलाइएको ।

**जग्गा प्राप्ति**

- नेपाल विद्युत प्राधिकरण (ग्रेड सोलार एण्ड इनर्जी इफिसिएन्सी) द्वारा राईगाउँ, मनहरी र थाहा न.पा.मा निर्माण गर्न लागिएको सबस्टेशनका लागि जग्गा प्राप्तिको कार्य अगाडि बढाइएको ।

**विपद् व्यवस्थापन**

- जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को बैठक ५ पटक सञ्चालन गरिएको ।
- जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७६ (परिमार्जित तथा अध्यावधिक) तयार गरी कार्यान्वयनमा ल्याइएको ।
- सबै स्थानीय तह समेटिने गरी उपलब्ध Equipment सहितको QRT/IRT को परिचालन गरिएको ।
- विपद्को समयमा उद्धार , राहत , सहजीकरण लगायतका क्रियाकलापको व्यावहारिक अभ्यास जिल्लास्थित सुरक्षा निकायहरुले विभिन्न मितिमा सञ्चालन गरेका ।
- विपद् भएको समयमा उद्धार र राहत तत्काल उपलब्ध गराइएको ।

**सूचनाको हक**

- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकलाई सुनिश्चित गरिएको ।
- सूचनाको हक प्रवर्द्धन गर्न सबै कार्यालयहरुमा सूचना अधिकारी तोक्ने व्यवस्था मिलाइएको ।
- राष्ट्रिय सूचना आयोगबाट अधिकार प्रत्यायोजन भए अनुसार सूचना स्व :प्रकाशन गर्ने र माग गर्दा उपलब्ध गराउने सम्बन्धी आदेश जिल्लास्तर सबै कार्यालयहरुमा जारी गरिएको र सो बमोजिम भए नभएको मूल्याङ्कन गर्न समिति बनाई अनुगमन गर्ने व्यवस्था मिलाइएको ।

- कार्यालयबाट भए गरेका गतिविधिहरु नियमितरुपमा कार्यालयको वेबसाईट तथा फेसबुक पेज मार्फत सार्वजनिक गरिएको ।

**अन्य**

- जिल्ला स्थित कार्यालयहरुले सञ्चालन गर्ने विकास आयोजनाहरुको पूँजीगत खर्च बढाउन तथा गुणस्तरीयता सुनिश्चित गर्न तेस्रो पक्ष (Third party) सहित विविध सरोकारवाला निकायहरु सम्मिलित संयुक्त अनुगमन (Joint Monitoring) को व्यवस्था मिलाइएको ।
- निजामती सेवा दिवस , २०७५ भव्यताकासाथ मनाइएको । दिवसको अवसरमा रक्तदान तथा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिएको । साथै, पहिलो सेवाग्राहीलाई सम्मान गरिएको ।
- विश्व वातावरण दिवस , २०१९ को उपलक्ष्यमा कार्यालय परिसरमा सरसफाई तथा विविध प्रजातिका फलफूलका विरुवा रोपिएको ।
- विभिन्न औद्योगिक प्रतिष्ठान , वन विज्ञान अध्ययन संस्थान तथा अन्य विभिन्न निकाय र संघसंस्थाका श्रम लगायत विभिन्न विवादहरु सरोकारवालाहरुसँगको सहजीकरण गरी सम्बोधन गरिएको ।

# जिल्ला प्रशासन कार्यालय

हेटौडा-२, मकवानपुर

**फोन नं.** : ०५७-५२०४९५, ५२००१२

**फ्याक्स** : ०५७-५२३८२२

**ईमेल** : daomakawanpur@moha.gov.np

**वेबसाईट** : daomakawanpur.moha.gov.np

**फेसबुक पेज** : www.facebook.com/daomakawanpur